# राजमहलबाट एक साधुको विदाई

- स्वामी आनन्द अरुण

दिल्लीको रायसिना हिल्स्मा अवस्थित भारतिय राष्ट्रपति भवन अत्यन्त भव्य र विशाल छ । २ लाख वर्गफिट फ्लोर क्षेत्रफल भएको यो भवनमा ३४० वटा भव्य कोठाहरू, ३७ वटा स्वागत कक्षहरू, १८ वटा विशाल भऱ्यांगहरू, ७४ लवी र ३७ वटा पानी फोहोराहरू छन् । अङ्ग्रेज भायसराय आवासका लागि सोहि अनुरुपको भव्यतामा अङ्ग्रेज आर्किटेक्ट सर एडविन लुटियनले नव-परम्परागत शैलीमा यसको निर्माण गरेका हुन् । यो राष्ट्राध्यक्ष बस्ने संसार कै सबैभन्दा ठूलो आवास हो । यस भव्य महलबाट यसै साता एक फकीरले बिदा लिए । संसारभरी नै साद्गी, विनम्रता, कर्मठता र वैज्ञानिक प्रतिभाका लागि प्रख्यात ती फकीर हुन् - भारतका ११ औ राष्टपति डा. एपीजे अब्दुल कलाम ।

उनी दक्षिण भारतको समुद्री तटमा अवस्थित प्रसिद्ध हिन्दू तीर्थस्थल रामेश्वरम्मा १५ अक्टोबर १९३१ मा जन्मेका हुन् । उनको परिवार अति विपन्न थियो र पिता माझीको काम गरेर जीवन धान्थे । कलामले पनि यही गरिबी विरासतमा पाए र सडकमा पत्रिका बेचेर आफ्ना स्कुलका दिनहरू पुरा गरे ।

समुद्रको किनारामा चराहरू उडेको देखेर उनीपनि आफू आकासमा उड्ने कल्पना गर्न थाले । त्यही क्रममा मद्रास इन्टिच्युट अफ टेक्नोलोजीबाट एरोनेटिकल इन्जिनियरिङ्गमा डिप्लोमा गरिसकेपछि उनी वायु सेवाको पाइलट बन्न इन्टरभ्युका लागि देहेरादुन गए । भनिन्छ, छनौटमा परेका २५ जनाले अन्तर्वाता दिएकोमा उनीबाहेक अरु सबै चुनिए । उनले बाहिरिनु परेको कारण उनको स्वास्थ्य हो भनियो । प्रतिभाशाली व्यक्तिको लागि त्यो ठूलो अपमान पनि थियो । अपमानको ताप शान्त गर्न उनी गंगाजीको शरणमा ऋषिकेश पुगे र गंगाजीमा स्नान गरी सेतो धोती लगाएर त्यही किनारामा अवस्थित शिवानन्द आश्रम छिरे र स्वामी शिवानन्दजीको दर्शन गरे । स्वामीजीले उनको मुहारमा छाएको उदासीको कारण सोधे । उनको मनस्थिति बुझेर स्वामीजीले भने, 'यो असफलताको लागि चिन्ता नगर, हुनसक्छ तिमी यो भन्दा पनि ठूलो काम गर्न जन्मिएका हौ । परमात्माको इच्छा कसलाई थाहा छ, दुःखी भएर केही हुँदैन आफ्नो कर्तव्ज्ञयमा उत्साहका साथ लाग ।'

कलामका बारेमा कुरा गर्दा उनी पौराणिक ऋषि जस्ता लाग्छन् । हैदरावादको एक विरान इमराट नामको गाउँमा घुम्दाखेरि त्यहाँको ढुङ्गालाई देखाउँदै उनीले भनेका थिए, 'यी ढुङ्गाहरूमा म शिवको शक्ति महसुस गरिरहेको छु र त्यो उर्जा बाहिर निस्किन खोजिरहेको छ ।' दिल्ली फर्किएपछि उनले प्रशासनलाई आफ्नो इच्छा जताए कि उनी त्यही ठाउँमा मिसायल कार्यक्रमको अनुसन्धान केन्द्र बनाउन चाहान्छन् । उनको प्रयासले त्यो गाउँमा संसार कै उच्चप्राविधिकयुक्त मिसाइल केन्द्र खडा भयो, जहाँ भारतले अग्नि, पृथ्वि, नाग जस्ता मिसाइलहरू बनाई सफल परिक्षण गरेको छ । उनको मिसाइल कार्यक्रमको सफलतापछि त्यसबेलाका भारतका रक्षामन्त्री के. सी पन्त उनलाई भेट्न हैदरावाद आए र भने, 'तपाईंले आश्चर्यजनक कार्य देशका लागि गर्नुभएको छ, तपाईंलाई म केही उपहार दिन चाहान्छु । तपाईंलाई के चाहिन्छ भन्नुस् ?' अरु कोही सामान्य व्यक्ति भए राष्ट्रबाट आफ्नो लागि सुख सुविधा या सम्मान माग्थ्यो होला । तर कलामले, 'तपाईं मलाई एक लाख रुखका विरुवाहरू दिनुस् यो ठाउँ एकदम सुख्खा छ म यो ठाउँलाई हरियो वनमा परिणत गर्न चाहान्छु' भनी

अनुरोध गरे । त्यसरी उपहार स्वरुप पाएका ती एक लाख विरुवा कलामले आफ्नै सुपरिवेक्षणमा त्यहाँ लगाए । तपाईं हैदरावाद जानु भयो भने त्यो हरियो जंगलको विशाल क्षेत्र देख्नसक्नु हुन्छ । त्यो तिनै कलामको प्रकृतिलाई उपहार हो ।

डा. कलाम एक अद्बितिय वैज्ञानिक मात्रै होइनन उनी एक सच्चा मुसलमान पनि हुन् । श्रद्धा र विश्वासले दिनको दुई पटक नमाज पढ्छन् तर अरु भन्दा फरक उनमा के छ भने नमाज पढिसकेपछि उनी रुद्र वीणामा राम धुन बजाउँछन् । जति निष्ठाले उनी आफ्ना प्रवचनहरूमा कुरानको उद्धरण दिन्छन् त्यही साहस र प्रज्ञाले उनी गीता र पतन्जली योगसूत्रहरूको व्याख्या गर्छन् । उनको कोठा साधारण छ । कोठामा बुद्धको मूर्ति, वीणा, कुरान र गीता तथा अन्य धार्मिक र विज्ञानसम्बन्धि पुस्तकहरू उनका एक मात्र सम्पति र साथी हुन् । उनी मुसलमान भएरपनि शाकाहारी हुन् । शुरुमा उनको शाकाहार आर्थिक विपन्नताको कारणले थियो, तर पछि यो उनको जीवन दर्शन नै बन्न गयो । जीवन भरी उनले मद्यपान, धुमपान गरेका छैनन् । उनी अविवाहित हुन् । तर उनले विवाह आफ्नो कर्तव्यसँगै गरेका छन् । उनी आधुनिक भारतको वैज्ञानिक विकासका पितामह हुन् । चाहे त्यो भारतको पहिलो भूउपग्रह पठाउने कार्य होस्, रकेट परियोजना या आणविक बम सफल रुपले बनाउने योजना होस् त्यो सबै उनकै नेतृत्वमा भएको छ । ओशोले नयाँ मनुष्यको जुन परिकल्पना गरेका छन् त्यसको डा. कलामभन्दा सुन्दर उदाहरण संसारमा अरु कोही देखिँदैन ।

उनका बारे वरिष्ठ पत्रकार एमभी कामनको एक रोचक भनाई छ, ‘कलामलाई हिन्दू भन्ने कि मुसलमान ? उनको लवाई हेर्दा उनी कुनै धर्मसँग सरोकार नभएका हिप्पी हुन् जस्ता लाग्न सक्छन् ।’ कामथ उनलाई एक आध्यात्मिक वैज्ञानिक तथा मोहम्मदलाई प्रेम गर्ने हिन्दूको रुपमा देख्छन् ।

जब उनको अद्बितिय प्रतिभाको कदर गर्न इन्दिरा गान्धीले प्रधानमन्त्री निवासमा उनलाई बोलाएकी थिइन, उनी त्यहाँ जान संकोच मानिरहेका थिए किनभने उनीसँग न त लगाउने कुनै जुत्ता थियो न सुट नै । उनी जीवनभर फ्लाइग सर्ट र चप्पल नै लगाउँथे । यो बुझेर उनका वैज्ञानिक मित्र सतिश धमनले उनलाई संझाएका थिए, ‘तिमीले धेरै सफलता पाइसकेको छौं । त्यही नै तिम्रो श्रृंगार हो । त्यही सुट लगाएर जाउ ।’

जब उनी प्रधानमन्त्रीको प्रविधि सल्लाहकार भए, नियमानुसार उनले मन्त्री समानको सुविधा पाउँथे । उनलाई निवासका लागि ठूलो दरबार सरहको भवन दिइएको थियो तर कलामले त्यसलाई अस्विकार गरे र रक्षा मन्त्रालयको अतिथी गृहमा बस्दै आएको दुई कोठामै राष्ट्रपति नहुन्जेल गुजारा गरे ।

राष्ट्रपति भवनमा सरेपछि पनि उनले त्यस विशाल दरवारको तीनवटा कोठाहरू मात्रै प्रयोग गरेका थिए । सामान्यतः राष्टपतिहरूलाई राष्टाध्यक्ष र समकक्षीले दिने उपहारहरू बहुमूल्य हुन्छन् । आफुलाई दिइएका उपहारहरू व्यक्तिगत हुने भएकाले सबै राष्ट्रपतिहरूले ती उपहारहरू लिएर जाने चलनै छ । सामान्यतयाः राष्टपतिहरू यस भवनबाट सर्दा ८, १० सैनिक ट्रकहरूले सामानहरू ओसार्ने गरेको विगत हेर्दा ६ झोला किताब मात्रै लिएर निस्किने कलामको निर्णय अति नै आश्चर्यजनक र अपत्यारिलो छ ।

राष्ट्रपतिका लागि उनी चयन हुँदा कुनैपनि अतिवादीहरू उनीसँग खुसी थिएनन्। मुसलमान अतिवादीहरू भन्थे - उनीले बाबरी मस्जीद र मदरसाका मद्दाहरूका लागि आवाज उठाउँदैनन। त्यस्तै हिन्दूअतिवादीहरू सेनाको सर्वोच्च पदमा कुनै मुसलमानलाई आसिन भएको हेर्न चाहादैन्थे। मतान्ध राजनितिज्ञहरू एक गैर-राजनैतिक व्यक्तिलाई देशको सर्वोच्च पदमा बसेको सहन तयार थिएनन्।

जमर्नी, फ्रान्स र अमेरिका जस्तै भारतमा पनि राष्ट्रपति सोझै जनताबाट चुनिने व्यवस्था भएको भए कलामको लोकप्रियताको अगाडि अरु प्रतिद्वन्दी टिक्दैन्थे होला। भारतका स्वतन्त्र तथा संवेदनशील बुद्धीजीवीहरूले उनलाई पुनः राष्ट्रपति बनाउन लाखौं हस्ताक्षर संकलन गरी अभियानै चलाएका थिए। राजनितिको खेल सामान्यतः फोहरी र दाउपेचले भरिएको हुन्छ। विशेषतः हाम्रो दक्षिण एसियामा नैतिक र इमान्दार हुनु अहिलेसम्म राजनितिमा सबभन्दा ठूलो अयोग्यता देखिएको छ किनभने एक नैतिक र इमान्दार व्यक्तिको अगाडि महत्त्वकाक्षी राजनितिज्ञहरू आफूलाई पुड्को र हीन अनुभव गर्छन् र आफ्नो स्वार्थ अनुरुप उसलाई नचाउन सक्दैनन्। यही कारण हो कि कलाम जस्तो अविवादित र निष्ठावान् व्यक्तिलाई  यसपटक कुनै दलले उम्मेदवार बनाउन मानेनन्। कलामको राष्ट्रपति भवनबाट भएको वहिर्गमनले नागरिक समाजबाट आउने गैर-राजनैतिक तथा निष्ठावान् व्यक्तिहरूले राजनैतिक दलहरूबाट मान्यता पाउने झिनो संभावना पनि मरेर गएको छ।

डा. कलामको भनाई छ - जन्मसाथै हरेकले व्यक्तिले आफू भित्र एक केही गर्न सक्ने संभावनाको दैवी झिल्को बोकेर आएको हुन्छ। त्यो झिल्कोलाई इमान्दारिता, श्रम, अनुशासनदारा प्रज्वलित गर्न सकियो भने त्यसले चमत्कार गर्न सक्छ। उनको विश्वास छ - मनुष्यको प्रज्वलित मन नै बह्माणको सबैभन्दा ठुलो शक्ति हो। जतिसुकै साधन र श्रोत भएपनि यदि त्यस देशको युवा मन प्रज्वलित, अनुशासित र मेहनती छैन भने त्यो देशले प्रगति गर्न सक्दैन। आजको संसारमा सवलता र संपन्नता नभई कसैले कसलाई टेर्दैन। यो संपन्नता अरु कसैले हामीलाई दिन सक्दैन हामी आफैले त्यसको सृजना गर्नुपर्छ।

उनले जीवनको एक लक्ष्य बनाएका छन् –एक लाख स्कुले विद्यार्थीहरूलाई भविष्यको नेतृत्वको लागि तयार गर्ने। त्यसका लागि उनी घण्टौं इमेलमा बसी उत्साहित विद्यार्थीहरूका प्रश्नको जवाफ दिन्छन् र उनीहरूलाई प्रोत्साहित गर्छन् साथै भ्रमणका बेला विभिन्न स्कुल, कलेजमा गई उनी विद्यार्थीसँग प्रत्यक्ष संवाद गर्छन्। युवा शक्तिलाई भविष्यको नेतृत्वको लागि प्रेरित, उत्साहित र अनुशासित गर्ने यस्तै दूरदृष्टि भएको कर्मठ नेतृत्व आजको हाम्रो राष्ट्रिय खाँचो हो।

osho@tapoban.com
मितिः साउन ०८, २०६४, July 24, 2007